**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 14.06.2024**

## सिएम रिजाइन जुम सोरेङ च्याखुङ

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले सोरेङ जिल्लाको सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका विधायक पदबाट राजीनामा लिनुभएको छ। सिक्किम विधानसभा सचिवालयद्वारा आज जारी अधिसूचनामा यस्तो आशयको जानकारी दिइएको छ। अधिसूचनामा चौध जून 2024 देखि सोरेङ च्याखुङ क्षेत्रबाट निर्वाचन क्षेत्र रिक्त रहेको जानकारी दिइएको छ। हालै सम्पन्न विधानसभा चुनाउमा श्री तामङ रिनाक र सोरेङ च्याखुङ क्षेत्रबाट निर्वाचित हुनुभएको थियो। चुनाउ नियम अनुसार यीमध्ये एउटा सीट त्याग्नुपर्ने भएको हुँदा उहाँले रिनाक समष्टिको प्रतिनिधित्व गर्ने निर्णय लिनुभएको छ।
आफ्नो आधिकारिक बयानमा मुख्यमन्त्रीले राज्यका मानिसहरू विशेष गरी सोरेङ च्याखुङ र रिनाकका जनताप्रति आभार व्यक्त गर्नुभएको छ।

## टुरिज्यिम डिपार्डमेन्ट नोटिस

राज्यमा केही दिनदेखि लगातार पानी परेकोले जनजीवन अस्तव्यस्त भएकोछ। अविरल वर्षा र पैह्लोको कारणले बाटो बन्द भएको हुँदा मंगन जिल्लाको लाचुङको लगभग बाह्लयजना घरेलु र पन्ध्रजना विदेशी पर्यटकहरू फँसेका छन। यी मध्ये थाइल्याण्डका दुईजना, नेपालका तीन र बांगलादेशका दसजना सामेल छन्।

पर्यटन तथा नागरिक उड्डायन विभागद्वारा आज जारी नोटिस अनुसार सबै पर्यटकहरू सुरक्षित छन् र उनीहरूका लागि खाद्यान्न तथा राशिनको पर्याप्त भण्डार छ। नोटिसमा मुख्यसचिवको कार्यालयले मौसमको अवस्था अनुकूल भएपछि फँसेका सबै पर्यटकहरूलाई वायुमार्गद्वारा ल्याउन केन्द्र सरकारको सम्वन्धित मन्त्रालयसित कुराकानी शुरू गरेको बताइएको छ।

आवश्यक परेको खण्डमा पर्यटकहरूलाई सड़क मार्ग भएर सुरक्षित रूपमा ल्याउनका लागि राज्यको पर्यटन विभागले मंगन सम्वन्धित जिल्ला प्रशासन, पुलिस विभाग, पर्यटन अधिकृत स्थानीय पर्यटन हितधारकहरूसित निकट समन्वय गरिरहेछ। विभागले प्राकृतिक प्रकोपको कारणले संकटको यस घड़ीमा फँसेका पर्यटकहरूलाई सकेसम्म सहयोग गर्ने आश्वासन दिएको छ।

## ल्यान्ड स्लाइड

यसैवीच मंगन जिल्लाका विभिन्न स्थानमा पैह्लो जानाले धेरै घरहरू क्षतिग्रस्त भएका छन्। जिल्लामा हिजोदिख सड़क सम्पर्क विजुली आपुर्ति, पिउने पानी र टेलीफोन नेटवर्कमा वाधा उत्पन्न भएको छ। चल- अचल सम्पति, पशुधन, फसल र वाहनहरू पनि क्षतिग्रस्त भएको बताइन्छ प्रकोप प्रभावित परिवारहरूका लागि पाक्शेप निम्न माध्यमिक विद्यालयमा राहत शिविर स्थापना गरिएको छ। राज्य आपदा प्रतिक्रिया बल एसडिआरएफ पुलिस कर्मी र सरकारी अधिकृतहरू राहत तथा उद्धार कार्यमा जुटेका छन्।

वन मन्त्री श्री पिन्छो नाम्गेल लेप्चाले आज जिल्ला अध्यक्ष श्री कादो लेप्चा र अन्य अधिकृतहरूसित जिल्लाका अत्यधिक रूपमा प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। उहाँले पिड़ीत परिवारहरूलाई सरकारको तर्फबाट पूर्ण सहयोग गर्ने आश्वासन दिनुभएको छ ।
यसैवीच पैह्लोले गर्दा लोवर राक्दोङका दुई ठाँउमा बन्द भएको डिक्चु गान्तोक मार्ग आजदेखि खोलिएको छ तथापि राङराङबाट मंगन जाने बाटो भने अझै केही दिन बन्द रहने बताइएको छ।

अर्कातिर हिजो रातभरि परेको मुसलधारे पानीले दक्षिण सिक्किमको तुमिन लिंगी निर्वाचन क्षेत्रमा पनि धेरै क्षति गरेको छ।

काउ खोला र सन्तले नजीकै गएको पैह्लोले लिङ्मो पायोङ र लिङ्गी सोक्पे ग्राम पञ्चायत इकाईलाई राज्यको मूल भूभागबाट अलग गरेको छ। लिङ्मो पायोङ र लिङ्गी सोक्पेबाट माखा हुँदै सिङताम जाने र लिङ्मो भएर याङगाङ जाने सड़तक मार्ग पैह्लोको कारणले अवरूद्ध बनेको छ।

**हाइ लेबल मिटिङ**

राज्यलाई प्रभावित गर्ने हालैको प्रकोपबाट उत्पन्न भएका समस्याहरूको समाधान गर्न मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज मिन्तोगाङमा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। सम्पतिहरूको क्षति, अवरोध भएको सड़क सम्पर्क ,विजुली आपुर्ति, खाद्यान्न आपुर्ति र धेरै ठाँउमा मोबाइल नेटवर्कको समस्यालाई ध्यानमा राखेर स्थितिलाई सामान्य बनाउने र मानिसहरूको सुरक्षा सुनिश्चित गर्ने उदेश्यले डाकिएको बैठकमा श्री तामङले सम्वन्धित अधिकारीहरूलाई स्थितिको नजीकैबाट ध्यानमा राखेर सम्पर्क व्यवस्थाको पुनर्स्थापना र राहत प्रयासको प्रक्रियालाई अघि बढ़ाउने निर्देश दिनु भएको छ।

प्रकोपलाई नियन्त्रणमा ल्याएर स्थितिलाई सामान्य बनाउनमा सामूहिक प्रयास महत्वपूर्ण रहेको कुरो बताउँदै मुख्यमन्त्रीले मानिसहरूसित सतर्क रहने, सुरक्षा सम्वन्धी दिशानिर्देशहरूको पालन गर्ने र अधिकारीहरूलाई सहयोग गर्ने अपील गर्नु भएको छ।

बैठकमा ग्रामीण विकास मन्त्री श्री अरूण उप्रेती, सड़क तथा पुल विभागका मन्त्रीश्री नरबहादुर दाहाल, ग्रामीण विकास, विद्युत र भू राजस्व विभागका सल्लाहकारहरू श्रीमती कला राई, श्री सङ्गीत खरेल र श्री एल. बी दास मुख्य सचिव र अन्य अधिकारीहरूको उपस्थिती थियो।

**हेल्पलाइन नम्बर**

राज्यमा वर्तमानको मौसमको स्थितिलाई ध्यानमा राखेर ग्रामीण क्षेत्रहरूमा प्रकोप सम्बन्धी आपतको समाधान गर्न ग्रामीण विकास विभागले एउटा हेल्पलाइन नम्बर शुरू गरेको छ। आपदासित सम्वन्धित कुनै पनि समस्या आइपरेको खण्डमा हेल्पलाइन नम्बर 76026-73187 मा सम्पर्क गर्न सकिनेछ। यसका प्रभारी अधिकारी कनिष्ट अभियान्ता इलेक्ट्रिकल श्री प्रवीण छेत्री हुनुहुन्छ। राज्य सरकारले मानिसहरूसित वर्षायाममा सतर्क रहने अपील गरेको छ। मानिसहरूलाई उच्च जोखिमयुक्त क्षेत्रहरूमा नजाने, मौसमको पूर्वाजुमानबारे अवगत रहने र स्थानीय अधिकारीहरूद्वारा जारी परामर्शको पालन गर्ने सल्लाह दिइएको छ।

**गभर्नर –नागाल्याण्ड**

नागाल्याडका राज्यपाल श्री एल ए गठोशन राज्यको दुई दिने भ्रमणमा आज गान्तोक आइपुग्नुभयो। राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले उहाँलाई स्वागत गर्नु नागाल्याण्डका राज्यपाललाई रम्फुमा पाकिमकी अतिरिक्त जिल्लाधीश र अन्य अधिकारीहरूले स्वागत गरे। भ्रमणाविधिमा श्री गणेशनको 'भारतको जानों' कार्यक्रममा सहभागी हुने कार्यक्रम छ। राज्यको संस्कृति विभागको सहयोगमा आज केन्द्रीय संस्कृति मन्त्रीलय अधिन पूर्वोत्तर क्षेत्र सांस्कृतिक केन्द्रले गान्तोकको मनन केन्द्रमा यो कार्यक्रम आयोजन गर्यो। उहाँ भोलि शेराथाङमा सीमा क्षेत्र कार्यक्रममा उपस्थित रहनुहुनेछ।